अर्जुनधारा राजपत्र
अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित
खण्ड १० ,संख्या २, शनिश्चरे, श्रावण १ गते, २०८३ साल

भाग २

अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको सूचना

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८३ साल आषाढ ३१ गतेको बैठकबाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

विपन्न नागरिकहरुको आवास मर्मत सम्बन्धि कार्यविधि, २०८३

प्रस्तावना:अर्जुनधारा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विपन्न, दलित, लोपोन्मुख, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा प्राकृतिक विपद्‌बाट प्रभावित परिवारहरूको जीर्ण, असुरक्षित र

कच्ची आवासलाई मर्मत सम्भार तथा सुदृढीकरण गरी संविधान प्रद्धत्त सुरक्षित नागरिक आवासको हक सुनिश्चित गर्न वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी अर्जुनधारा नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम" **विपन्न नागरिकहरुको आवास मर्मत सम्बन्धि कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगरपालिका"** भन्नाले अर्जुनधारा नगरपालिका सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले अर्जुनधारा नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) **"उपप्रमुख"** भन्नाले अर्जुनधारा नगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्दछ।

(घ) **"वडा समिति"** भन्नाले यस नगरपालिका अन्तर्गतका वडा समितिहरू सम्झनु पर्दछ।

(ङ) **"वडा अध्यक्ष"** भन्नाले यस नगरपालिका अन्तर्गतका वडा समितिहरू सम्झनु पर्दछ।

(च) **"कार्यपालिका सदस्य"** भन्नाले यस नगरपालिका कार्यपालिका सदस्यअरुलाई सम्झनु पर्दछ।

(छ) **"योजना शाखा"** भन्नाले यस नगरपालिकाको योजना शाखालाई सम्झनु पर्दछ।

(ज) **"विपन्न परिवार"** भन्नाले आर्थिक रूपमा अति कमजोर, दैनिक जीविकोपार्जन गर्न कठिनाइ भएका र आफ्नो लगानीमा घर मर्मत गर्न नसक्ने परिवार सम्झनु पर्दछ।

(झ) **"आवास मर्मत"** भन्नाले जीर्ण घरको छानो फेर्ने (जस्तापाता), गारो बलियो बनाउने, जग भूकम्प/बाढी प्रतिरोधी बनाउन गरिने आंशिक वा पूर्ण मर्मत कार्य सम्झनु पर्दछ।

परिच्छेद-२

लक्षित समूह र प्राथमिकताका आधार

३.लाभग्राहीको योग्यताः यो सुविधा प्राप्त गर्न आवेदक देहाय बमोजिमको हुनुपर्नेछः

(१) नेपालको नागरिक भई यस नगरपालिकाको स्थायी बासिन्दा भएको,

(२) परिवारको स्वामित्वमा सोही स्थानमा जीर्ण वा कच्ची घर भएको तर अन्यत्र कतै पनि पक्की वा सुरक्षित घर नभएको।

(३) नेपाल सरकार वा प्रदेश सरकारको "जनता आवास" वा अन्य कुनै सुरक्षित आवास योजनाबाट विधा नपाएको।

(४) नगरपालिका क्षेत्र भित्र जग्गाको भू-स्वामित्व रहेको, ऐलानी जग्गाको हकमा निस्सा प्राप्त गरी चालु आ.व. को नेपाल सरकारलाई तिर्नुपर्ने सम्पूर्ण कर (जस्तैः मालपोत/ बाल भिटौरी) तिरेको हुनुपर्नेछ ।

४.लाभग्राही छनोटको प्राथमिकताक्रमः आवेदन दिएका परिवारलाई देहाय बमोजिम क्रमशः प्राथमिकता दिइनेछः

(१) **क वर्ग**को पूर्ण अपाङ्गता भएका व्यक्ति वा असहाय ज्येष्ठ नागरिक घरमूली भएको परिवार ,

(२) महिला वा एकल महिला घरमूली भएको परिवार,

(३) विपन्न, दलित, अल्पसङ्ख्यक, आदिवासी वा लोपोन्मुख समुदाय,

(४) प्राकृतिक विपद् (बाढी, पहिरो, आगलागी, वन्यजन्तु हात्ती लगायत) बाट घर आंशिक क्षति भई बस्न नमिल्ने भएको परिवार,

(५) आश्रित बालबालिका मात्र भएका वा आर्थिक रूपमा पूर्णतः निष्क्रिय रहेका परिवार।

परिच्छेद-३

सांगठनिक संरचना र कार्यविधि

५.आवास छनोट तथा अनुगमन समितिः लाभग्राही छनोट पारदर्शी बनाउन पालिका स्तरमा देहाय बमोजिमको एक समिति रहनेछः

(१) संयोजकः उपप्रमुख

(२) सदस्यः सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य

(३) सदस्यः कार्यपालिकाले तोकेको १ जना महिला सहित ३ जना कार्यपालिका सदस्य

(४) सदस्यः इन्जिनियर/प्राविधिक शाखा प्रमुख

(५) सदस्य सचिवः योजना शाखा प्रमुख

६.आवेदन र छनोट प्रक्रियाः (१) सूचना प्रकाशनः नगरपालिकाले कम्तीमा १५ दिनको म्याद दिई वडा कार्यालयहरू मार्फत सार्वजनिक सूचना जारी गर्नेछ।

(२) निवेदन दर्ताः इच्छुक विपन्न नागरिकले अनुसूची-१ बमोजिमको ढाँचामा वडा कार्यालयमा आवेदन दिनुपर्नेछ।

(३) वडाको सिफारिसः वडा समितिले प्राप्त आवेदनहरूको स्थलगत जाँचबुझ गरी वास्तविक विपन्न पहिचान गरेर अनुसूची-२ बमोजिमको ढाँचामा नगरपालिकामा सिफारिस पठाउनुपर्नेछ।

(४) प्राविधिक लागत अनुमानः नगरपालिकाको प्राविधिकले मर्मत गर्नुपर्ने घरको स्थलगत निरीक्षण गरी लागत अनुमान तयार गर्नेछ।

(५) प्राविधिक प्रतिवेदन वा वडा समितिको सिफारिसका आधारमा दाबि बिरोधको ३(तिन) दिने सूचना प्रकाशन गरे पश्चात 'आवास छनोट तथा अनुगमन समिति' ले बजेटको सीमाभित्र रही अन्तिम लाभग्राही छनोट गर्नेछ।

परिच्छेद-४

आर्थिक सहयोग, सीमा र भुक्तानी प्रक्रिया

७. आर्थिक सहयोगको सीमाः (१) आवास मर्मतका लागि प्रति परिवार बढीमा **रु १,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ मात्र)** सम्म अनुदान उपलब्ध गराइनेछ।

(२) समितिको अनुगमन पश्चात प्राविधिक लागत अनुमान बमोजिम घर मर्मतका लागि रकम अपुग हुने देखिएमा बढीमा **रु ५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र)** सम्म थप अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) अनुदान रकम नगद वा निर्माण सामग्री (जस्तैः जस्तापाता, काठ, सिमेन्ट आदि) दुवै रूपमा दिन सकिनेछ।

(४) कुनै दाता वा सामाजिक संघ संस्थाले अनुदान रकम वा निर्माण सामाग्री उपलब्ध गराउने भएमा वडा कार्यालयको सिफारिसमा आवास छनोट तथा अनुगमन समितिको निर्णय बमोजिम प्राविधिक लागत अनुमानमा समावेश गरी अनुदान रकम वा निर्माण सामाग्री उपलब्ध गराउन सक्नेछ । (दाता वा सामाजिक संघ संस्थाले अनुदान रकम वा निर्माण सामाग्रीको मूल्य नगरपालिकाले उपलब्ध गराउने अनुदान रकममा तोकिएको वडा/ क्षेत्र/व्यक्तिका लागि मात्र थप हुनेछ।)

८. भुक्तानीका किस्ताहरू: घर रकमको भुक्तानी सम्झौता अनुसार दुई किस्तामा गरिनेछः

(१) पहिलो किस्ता (५०%): सम्झौता भए पश्चात् मर्मत कार्य सुरु गर्नका लागि पेस्की स्वरूप।

(२) दोस्रो तथा अन्तिम किस्ता (५०%): कार्य सम्पन्न भएपछि प्राविधिकले कार्य सम्पन्न प्रतिवेदन फोटो, अनुगमन प्रतिवेदन, बिल भर्पाइ र वडा कार्यालयको सिफारिस पेश गरे पश्चात।

परिच्छेद-५
विविध

९. सम्झौतामा नगरपालिका र लाभग्राहीको दायित्वः (१) रकम प्राप्त गर्नुअघि लाभग्राहीले तोकिएको समयभित्र मर्मत कार्य पुरा गर्ने शर्तमा नगरपालिका सँग अनुसूची-३ बमोजिमको सम्झौता गर्नुपर्नेछ।

(२) मर्मत गरिएको आवास कम्तीमा आगामी ५ वर्षसम्म बिक्री गर्न वा भाडामा दिन पाइने छैन।

अर्जुनधारा राजपत्र

(३) उपदफा (२) बमोजिमको तीन पुस्ते खुल्ने कागजात सहित, फोटो, नागरिकता प्रमाण पत्र सहितको

विवरणको अभिलेख योजना शाखाले राख्नुपर्नेछ।

१०. अनुगमन र निरीक्षणः (१) मर्मत कार्य गुणस्तरीय भए/नभएको अनुगमन गर्ने जिम्मेवारी
सम्बन्धित वडा समिति र नगरपालिकाको प्राविधिक शाखाको हुनेछ।
(२) गलत विवरण पेश गरी वा झुठो विवरण दिई सुविधा लिएको पाइएमा सो रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. झुठ्ठा विवरण पेश गर्नेलाई कारवाहीः कार्यक्रमबाट लाभ लिने वा लाभ गराई दिने उद्देश्यले झुठा विवरण पेश गरी लाभ लिएको वा झुठ्ठा विवरण सिफारिश गरेको ठहर भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१२. कार्यक्रमको पहिचान खुल्ने लोगो वा चिन्हः मर्मत सम्पन्न भई मर्मत पश्चातको घर लाभग्राही लाई हस्तान्तरण गरी नगरपालिकाले आफ्नो कार्यक्रमको पहिचान खुल्ने लोगो वा चिन्ह उक्त मर्मत गरिएको घरमा राखु पर्नेछ । यसरी

राखिएको चिन्ह वा लोगोको संरक्षण गर्ने जिम्मेवारी लाभग्राहीको हुनेछ ।

१३. बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयन गर्दा केही बाधा कठिनाई उत्पन्न भएमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कार्यान्वयन गर्न सकिनेछ ।

१४. संशोधनः यो कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यकता बमोजिम संशोधन गर्न सक्नेछ।

अर्जुनधारा राजपत्र

अनुसूची-१

दफा ६(२) सँग सम्बन्धित

आवास मर्मत सहयोगका लागि दिइने निवेदनको ढाँचा

मितिः ....

श्रीमान् वडा अध्यक्ष ज्यू,
.......नं. वडा कार्यालय,
अर्जनुधारा नगरपालिका, झापा ।

विषयः विपन्न आवास मर्मत सहयोग पाउँ।

महोदय,

उपरोक्त विषयमा यस अर्जुनधारा नगरपालिका वडा नं. .... को म स्थायी बासिन्दा हुँ। मेरो परिवारको आर्थिक अवस्था कमजोर रहेको र हाल बसोबास गरिरहेको घर अति नै जीर्ण (कच्ची/छानो चुहिने/बेरा भत्कन लागेको) भई सुरक्षित रूपमा बस्न नसकिने भएकाले उक्त आवास मर्मतका लागि **"विपन्न नागरिकहरुको आवास मर्मत सम्बन्धि कार्यविधि, २०८३"** बमोजिम आर्थिक/सामाग्री सहयोग पाउन यो निवेदन पेश गरेको छु।

आवेदकको विवरणः

क. पूरा नामः

....

ख. नागरिकता नं. (जारी जिल्ला):

....

ग. स्थायी ठेगानाः वडा नंः ...., टोलः

....

घ. परिवार संख्याः ....

ङ. परिवारको मुख्य आम्दानीको स्रोतः(ज्याला मजदुरी, कृषि, पशुपालन, रोजगारी, अन्य)..........

च. परिवारको मासिक आम्दानीः

....

छ. घरको प्रकारः (फुसको छाना/माटोको गारो/काठको घर/अन्य) ....

ज. सम्पर्क मोबाइल नंः

....

संलग्न कागजातहरूः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बसाइँसराई गरि आएको हकमा बसाइँसराई दर्ता प्रमाणपत्र।

२. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि

३. ऐलानी जग्गाको भू-स्वामित्व/भोगाधिकार पत्र (निस्सा)को प्रतिलिपि साथै वडा कार्यालयको सिफारिस ।

४. चालु आ.व. को मालपोत/बाल भिटौरी कर तिरेको रसिदको प्रतिलिपि

४. घर/आवास स्पष्ट देखिने हालको रंगिन फोटो।

निवेदक

नामः ....

हस्ताक्षरः.............................

अनुसूची -२

दफा ६(३) सँग सम्बन्धित

वडा कार्यालयको स्थलगत मुचुल्का तथा सिफारिस पत्रको ढाँचा

(Letter Head)

मितिः ....

विषयः स्थलगत मुचुल्का तथा सिफारिस सम्बन्धमा।

श्री अर्जुनधारा नगरपालिकाको कार्यालय,
शनिश्चरे, झापा ।

उपरोक्त विषयमा यस वडा नं. .... बस्ने श्री .... ले आफ्नो जीर्ण आवास मर्मतका लागि दिनुभएको निवेदनका आधारमा वडा जनप्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि र स्थानीय भद्रभलादमीहरूको रोहबरमा स्थलगत निरीक्षण गरियो।

स्थलगत वस्तुस्थिति मुचुल्काः

१. आवेदकको घर साच्चिकै जीर्ण भई मर्मत गर्नुपर्ने देखिएकोः (छ/छैन) ....

२. आवेदकको आर्थिक अवस्था र विपन्नताको स्तरः (अति विपन्न/मध्यम/सामान्य) ....

३. अन्यत्र कतै पक्की वा सुरक्षित आवास भएको नपाइएको ब्यहोरा साँचो हो।

रोहबरः

१. ....
२. ....
३. ....
४. ....
५. ....

सिफारिसः

उक्त घर तत्काल मर्मत नगरेमा थप जोखिम हुने र निज परिवारको आर्थिक अवस्थाले आफैं मर्मत गर्न असमर्थ देखिएकाले "**विपन्न नागरिकहरुको आवास मर्मत सम्बन्धि कार्यविधि, २०८३**" को मापदण्ड बमोजिम निजलाई आवास मर्मत अनुदान उपलब्ध गराई दिनुहुन सिफारिस साथ अनुरोध छ.

....

वडा अध्यक्ष

अर्जुनधारा राजपत्र

अनुसूची-३

दफा ९(१) सँग सम्बन्धित

अर्जनुधारा नगरपालिका र लाभग्राही बीच गरिने द्विपक्षीय सम्झौता पत्रको नमुना

सम्झौता पत्र

लिखितम् अर्जुनधारा नगरपालिका (यसपछि **"प्रथम पक्ष"** भनिने) र वडा नं. ..... बस्ने श्री .... (यसपछि **"दोस्रो पक्ष"** भनिने) बीच **विपन्न नागरिकहरुको आवास मर्मत सम्बन्धि कार्यविधि, २०८३**बमोजिम आवास मर्मत कार्यका लागि देहायका शर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा दुवै पक्ष मन्जुर भई हस्ताक्षर गरेका छौं।

शर्तहरू:

१. प्रथम पक्षले दोस्रो पक्षलाई आवास मर्मतका लागि स्वीकृत रकम रु. .... (अक्षरेपी.................... मात्र) कार्यविधिको नियम अनुसार दुई किस्तामा उपलब्ध गराउनेछ।

२. दोस्रो पक्षले प्राप्त रकम/सामाग्री अन्य कुनै प्रयोजनमा खर्च नगरी प्राविधिक लागत अनुमान बमोजिम आफ्नो आवास मर्मत कार्यमा प्रयोग गर्नुपर्नेछ।

३. दोस्रो पक्षले पहिलो किस्ता रकम लिएको मितिले १५ दिनभित्र मर्मत कार्य सुरु गरी तोकिएको समय सिमा..................................भित्र कार्य सम्पन्न गरिसक्नुपर्नेछ।

४. मर्मत कार्य सम्पन्न भएपछि नगरपालिकाको प्राविधिक जाँच, बिल भर्पाइ र वडाको अनुगमन प्रतिवेदनका आधारमा मात्र दोस्रो पक्षले अन्तिम किस्ता प्राप्त गर्नेछ।

५. दोस्रो पक्षले यो आवास आगामी ५ वर्षसम्म कुनै पनि बहानामा बिक्री गर्न वा व्यापारिक प्रयोजनमा भाडामा दिन पाउने छैन।
६. शर्त उल्लंघन गरेमा वा झूटो विवरण पेश गरेको पाइएमा प्रथम पक्षले उपलब्ध गराएको रकम

सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

प्रथम पक्षः	**दोस्रो पक्ष :**
हस्ताक्षरः	हस्ताक्षरः ....
नामः	नामः.............
पदः	ठेगानाः..........
कार्यालयको छापः	नागरिकता नंः

मिति...............

आज्ञाले,
अनोज कुमार घिमिरे
अर्जुनधारा नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र